# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं ज्येष्ठ१८ गते २०२२ साल [ संख्या ७

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको नागरिकता नियम, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाश गरिएको छ ।

### नेपाल नागरिकता नियमहरू, २०२२

नेपाल नागरिकता ऐन, २०२० को दफा १६ ले दिएको अधिकार र त्यससम्बन्धमा प्राप्त सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल नागरिकता नियमहरू, २०२२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. परिभाषा.– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा:–



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "ऐन" भन्नाले नेपाल नागरिकता ऐन, २०२०" सम्झनु पर्दछ,

(ख) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्दछ।

३. नेपाली नागरिकलाई प्रमाणपत्र दिनेः- (१) नेपाल नागरिकता ऐन, २०२० को दफा ३ अनुसार बंशजको नाताले नेपालको नागरिक भएको व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र पाउनको निमित्त अनुसूची १ मा लेखिएको ढांचामा आवेदनपत्र लेखी रू. १। को टिकट टांसी श्री ५ को सरकारको बहालवाला ग्याजेटेड अफिसर वा जिल्ला पञ्चायतका सभापति वा नगर पञ्चायतका प्रधान पञ्चको सिफारिशसाथ स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटकहां दिनुपर्छ।

(२) उप-नियम (१) बमोजिमको आवेदनपत्र पेश भएपछि सो अधिकारीले नेपाल नागरिकता ऐन २०२० को दफा ३ अनुसार नेपालको नागरिक हो भन्ने लागेमा अनुसूची २ मा लेखिएबमोजिमको प्रमाणपत्र दिनुपर्छ।

४. विदेशमा जन्मेका नेपाली नाबालकहरूको रजिष्ट्रेशनः- (१) नेपाल बाहिर जन्मेको नेपालको नागरिकको कुनै नाबालक सन्तानलाई ऐनको दफा ३ (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम नेपालको नागरिकमा नाउं रजिष्ट्रेशन गराइपाउं भनी त्यस्तो नाबालकको आमा, बाबु वा संरक्षकले सो नाबालकको जन्म भएको एक वर्षभित्र अनुसूची ३ मा लेखिएको ढांचाको आवेदनपत्र पेश गरेमा सो विदेशस्थित सोही नेपाली राजदूत वा कन्सुलेट जनरलले त्यस्तो नाबालकलाई नेपालको नागरिकमा नाम रजिष्ट्रेशन गरिदिनुपर्छ।

(२) उप-नियम (१) बमोजिम नेपालको नागरिकमा नाम रजिष्ट्रेशन गर्दा सो अधिकारीले आवश्यक जांचबुझ गरी नाबालकको नाम, थर, तिनपुस्तं र वतनसमेत खुलाई रजिष्ट्रेशन भएको नम्बर उल्लेख गरी अनुसूची २ बमोजिमको प्रमाणपत्र आवेदकलाई दिनुपर्छ। यसरी रजिष्ट्रेशन भएको बर बुझारथमा समेत चलाउने गरी आफ्नो अफिसमा रिकर्ड राख्न पर्छ र सो रिकर्ड ६।६ महीनामा गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयमा जानकारीको निमित्त पठाउनु पर्छ।

५. अंगीकृत नेपाली नागरिकता प्राप्त गर्नेः- नाबालक वा बौलाएको व्यक्तिबाहेक अरू कसैले नेपालको नागरिकता पाउनको निमित्त श्री ५ को सरकार छेउ अनुसूची ४ को ढांचाबमोजिम आवेदनपत्र पेश गरेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई ऐनको दफा ६ मा लेखिएको शर्त वा अवस्थाहरूका अधीनमा रही अनुसूची २ मा लेखिएको ढांचाको प्रमाणपत्र प्रदान गर्न सक्ने छ।

६. नेपाली नागरिकताको परित्यागः- (१) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न अनुसूची ५ बमोजिमको सूचना स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट छेउ पेश गरेपछि स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटले त्यस्तो सूचनालाई दर्ता गर्न सक्ने छ र त्यसरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन।

(२) उप-नियम (१) बमोजिम सूचना दर्ता भएको ७ (सात) दिनभित्र स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटले पूर्ण विवरण खुलाई गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयमा जाहेर गर्नपर्छ।

७. विदेशी नागरिकता प्राप्त गरेको छ, छैन भन्ने कुराको निर्णय गर्नेः- नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ, छैन वा कहिले वा कसरी प्राप्त गरेको छ भन्ने प्रश्न उठेमा स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटले प्रचलित कानून-बमोजिम जांचबुझ गरी सो कुराको निर्णय गर्ने छ।

मुद्रण विभाग, सिंहदरबार

१०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ संग सम्बन्धित)

श्री मान् ... ...

... ... ... ...

महोदय,

मेरो जन्म... ... मा भै हाल ... ... ... मा डेरा, घरवास गरी बसेको छु मलाई ... ... ... मा पेश गर्न नेपाली नागरिकताको प्रमाणपत्रको आवश्यकता परेकोले सिफारिशसाथ रू. १।– को टिकट टांसी आवेदनपत्र पेश गरेको छु । नेपाली नागरिक हो भन्ने प्रमाणपत्र पाउँ । यो व्यहोरा ठीक नठहरे प्रचलित कानूनबमोजिम सहुंला बुझाउंला ।

भवदीय,

नेपालको नागरिक ... ... ... को छोरा,
छोरी वर्ष ... ... को
सही ... ... ...
मिति ... ... ...

यसमा लेखिएका ... ... ... को छोरा, छोरी ... ... ... लाई म राम्ररी चिन्दछु उहांको जन्म ... ... ... मा भै हाल ... ... मा डेरा घरवास गरी बसी रहनुभएको छ । उहां वंशजको नाताले नेपालको नागरिक हुनुहुन्छ । यो व्यहोरा ठीक नठहरे प्रचलित कानूनबमोजिम सहुंला बुझाउंला ।

... ... ... ... ... ... ... ... ... ... ... ...
सिफारिश गर्ने अधिकारी

श्री ५ को सरकारको ग्याजेटेड अफिसर वा जिल्ला पञ्चायतका सभापति वा नगर पञ्चायतका प्रधानपञ्च ।

१०२

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–२

(नियम ३ र ५ संग सम्बन्धित)

श्री ५ को सरकार

... ... ... मा जन्म भै हाल ... ... ... मा डेरा, घरवास गरी बस्ने ... ... ... नेपाल नागरिकता ऐन, २०२० को दफा ... ... बमोजिम वंशजको नाताले अंगीकृत नेपाली नागरिक हुनाले यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।

लेखात्मक सही र ठेगानाः– ... ... ... ... ... ...

| हातको बूढी औंलाको रेखात्मक छाप | |
|---|---|
| दायां | बायां |

फोटो

दिनाङ्कः– ... ... ... ... ... ...

प्रमाणपत्र दिने अधिकारी

१०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

## अनुसूची–३
(नियम ४ संग सम्बन्धित)

श्रीमान् … … … … …

… … … … … … …

महोदय,

… … …नाम भएको प्रस्तुत नाबालक मेरो … … … नाता पर्ने हो । निज नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम बंशजको नाताले नेपालको नागरिक भएकोले निम्नलिखित व्यहोरा खुलाई नेपालको नागरिकमा नाम रजिष्ट्रेशन गरी त्यसको प्रमाणपत्रसमेतको निमित्त आवेदनपत्र पेश गरेको छु ।

(१) · · · · · नाती · · · · को छोरा · · · ठाउँमा जन्म भै उमेर · · · · को हाल · · · मा बस्ने · · · · … · · · · ·

(२) नाबालकको नेपाल स्थित घरको ठेगाना · · · · · … · · · ·

(३) हाल विदेश बस्नुपरेको विस्तृत कारण · · · · · · : · · · · · … … …

(४) नेपाल फर्कने मिति … … … … … …

भवदीय,
नाबालकको आमा, बाबु वा
संरक्षक

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–४

(नियम ५ सँग सम्बन्धित)

श्रीमान् ... ... ... ...

... ... ... ... ...

महोदय,

मेरो जन्म मिति ... ... ... मा ... ... मा भै हाल ... ... मा डेरा घरवास गरी बसेको छु। मलाई ... ... ... मा पेश गर्न नेपाली अङ्गीकृत नागरिकताको प्रमाणपत्रको आवश्यकता परेकोले निम्नलिखित व्यहोरा खुलाई रू. १।– को टिकट टाँसी आवेदन पत्र पेश गरेको छु। नेपालको अङ्गीकृत नागरिक हो भन्ने प्रमाण पत्र पाउँ। यो व्यहोरा ठीक नठहरे प्रचलित कानूनबमोजिम सहुँला बुझाउँला।

(१) नेपालको राष्ट्रभाषा लेख्न र बोल्न जानेको ... ... ... ...

(२) पेशा ... ... ...

(३) यस अघि ... ... ... देशको नागरिक भएकोमा सो नागरिकता त्यागको वा त्याग्न सोही देशको कानूनबमोजिम कारबाही चलाएको रीतपूर्वकको सूचना ...

(४) नेपाल ... ... मा बसोबास गरी आएको जम्मा अवधि ... ...

(५) विशेष योग्यता ... ... ...

९०८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५
(नियम ६ संग सम्बन्धित)

श्री मान् ... .. ...

... ... ... ...

महोदय,

निम्नलिखित व्यहोराले गर्दा मैले नेपालको नागरिकता परित्याग गर्नु आवश्यक भएकोले सो परित्याग गरेको सूचना गरेको छू। तसर्थ यो सूचना दर्ता गरिदिन अनुरोध गर्दछु ।

व्यहोरा

(१) ... ... ... ... ... ... ... ... ... ... ... ... ...
(२) ... ... ... ... ... ... ... ... ... ... ... ... ...
(३) ... ... ... ... ... ... ... ... ... ... ... ... ...

भवदीय,

... ... ... ... ... ... ... ... ... ...

नागरिकता परित्याग गर्ने व्यक्ति

आज्ञाले–
सरदार विष्णुमणि आचार्य
श्री ५ को सरकारको सचिव।

१०५५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गा सार्वजनिक कामको निमित्त प्राप्त गर्ने निर्णय गरेकोले जग्गा धनीले जग्गाको मोल र जग्गा लिंदाको अरू नोक्सानीबापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने कुरा खुलाई अञ्चलाधीश पाल्हो माझखण्ड गोस्वारामा दरखास्त दिन यो सूचना प्रकाशित गरिएकोछ ।

माझखण्ड भैरहवा तप्पे हात्ती मौजे पक्लिहवा डण्डानदी र १ नं गणेश नगरेको १२६ नं. को कित्ताको क्याम्पमा परी बांकी रहेको जग्गादेखि पश्चिम डण्डानदीदेखि उत्तर धोला र पक्लिहवाको १०४ नं. को कित्ताका बांकी जमीनदेखि पूर्व पक्लिहवा स्कूल दिलबहादुरको घर पक्लिहवाको १०५ नं. को २५ नं. र २८ नं. कित्ता र गणेशनगरको बाठेपासीको नम्बरी जग्गादेखि दक्षिणको जम्मा तिरो ३४४।४५ लाग्ने जग्गा बिगाहा २०।४.२ बीस बिगाहा नौ कट्ठा दुई धुरको कित्ता एक ।

आज्ञाले–
सरदार विष्णुमणि आचार्य
श्री ५ को सरकारको सचिव ।

१०८

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



ओधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।